आज मिति २०७७ साल बैशाष ५ गतेका दिन लमही नगरपालिका नगर कार्यपालिकाका प्रमुख श्री कुल बहादुर के.सी. ज्यू को अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कुल बहादुर के.सी. | नगर प्रमुख | |
| २ | श्री देवका बेल्बासे | नगर उप-प्रमुख | |
| ३ | श्री नुमराज पौडेल | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री बाबुराम चौधरी | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुवाश न्यौपाने | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री विम बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री गणेशमान चौधरी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री मेघनारायण चौधरी | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी. | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राधा देवी के.सी. | नगर कार्यपालिका सदस्य | |
| १३ | श्री नारायणी खड्का | नगर कार्यपालिका सदस्य | |
| १४ | श्री अनिता चौधरी | नगर कार्यपालिका सदस्य | |
| १५ | श्री पार्वती विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री सुनिता कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री बम बहादुर विश्वकर्मा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री ठगे नेपाली | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री रमेश कुमाल | नगर कार्यपालिका सदस्य | |
| २० | श्री टोपेन्द्र बहादुर के.सी. | सदस्य सचिव | |

Scanned with CamScanner

## मिति २०७७।०१।०५ गते बसेको नगरकार्यपालिका बैठकको निर्णय :

निर्णय नं. १: यस लमही नगर नगरकार्यपालिकाको कार्यालयमा भर्खरै आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री टोपेन्द्र बहादुर के.सी लाई स्वागत गरीयो ।

निर्णय नं.२ : यस लमही नगरपालिकाको छैठौं नगरसभाबाट चालु आ.व. २०७६।०७७ मा स्वीकृत भएका तर यस आ.व.मा सम्पन्न हुन नसक्ने बिभिन्न कार्यक्रमहरुमा विनियोजित भएको बजेटबाट शिर्षकहरु संशोधन गरि बिपद व्यवस्थापन कोषमा रु.५०,००,०००।- (पचास लाख) रकम थप गरिएकोमा, हालै विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाईरस (कोभिड-१९) को महामारी नियन्त्रण, रोकथाम, उपचार तथा व्यवसथापन कार्यका लागि **स्थानीय तह प्रकोप व्यवस्थापन कोष** नामक खाता खोली उक्त थप रकम (रु.५० लाख) खातामा जम्मा गरी खर्च गर्ने ।

निर्णय नं.३ : विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाईरस (कोभिड १९) को महामारी नियन्त्रण तथा रोकथामका लागि गरिएको देशब्यापी लकडाउनले दैनिक ज्याला मजदुरी गरी दैनिकी गुजारा गर्ने अति बिपन्न नागरिकहरुको लागि राहत बितरण गर्न बनेको **लमही नगरपालिकामा असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्ध गराईने राहत सम्बन्धी मापदण्ड, २०७६** स्वीकृत गर्ने ।

निर्णय नं.४ : कोरोना भाईरस (कोभिड १९) को महामारी नियन्त्रण तथा रोकथामका लागि निस्कंक्रामक (Disinfectant) कार्यलाई प्रभावकारी बनाउन यस नगरपालिका नगरकार्यपालिकाको कार्यालय र लमही अस्पतालको मुल गेटमा जडान गर्न मेल्टा टेक्नोलोजी प्रा.लि. घोराही मार्फत प्राप्त कोटेशन स्वीकृत गरि प्रति थान रु.१ लाख ५ हजारको(मु.अ.क.बाहेक) दरले **स्यानीटाईजिङ्ग टनेल २ थान (Model H, 500L of Sani-Zol Gx2(10x) RTU**) र रु.५५।- प्रति लिटरको मूल्यका दरले **Sani-Zol Gx2(10x) RTU** आवश्यकता अनुसार खरिद गर्ने ।

प्रमाणित गर्ने
प्रमुख प्रशासकीय अधिकृत
मिति: २०७७।०१।१८

Scanned with CamScanner

**निर्णय नं. ५** : कोरोना भाईरस (कोभिड १९) नियन्त्रण रोकथाम, उपचार तथा व्यवस्थापन लगायतको कार्यका लागि बिभिन्न मितिमा खरिद भएका पि.पि.ई, थर्मल गन साथै अन्य आवश्यक सामग्रीहरु खरिद गरेको जम्मा रकम रु.४,७५,६५८।- (चार लाख पचहत्तर हजार छ सय अन्ठाउन्न) को बिल भपाई प्राप्त भएकोले उक्त रकम तपसिलका सप्लार्यसलाई भुक्तानी दिने ।

| क्र.स. | सप्लार्यसको नाम | बिल मिति | भुक्तानी गर्नुपर्ने रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | लुम्बिनी गार्मेन्ट लमही | २०७६।१२।१६ | १९,२००।- | पि.पि.ई.सिलाएको |
| | | २०७६।१२।१७ | १९,२००।- | |
| | | २०७६।१२।१८ | १८,४००।- | |
| | | २०७७।०१।०१ | १८,४००।- | |
| | | २०७७।०१।०२ | १८,४००।- | |
| | | २०७७।०१।०३ | १८,४००।- | |
| जम्मा रकम रु. | | | १,१२,८००।- | |
| २ | साझा औषधी पसल, घोरही | २०७६।१२।२५ | ८,०००।- | सर्जिकल मास्क |
| ३ | युनाईटेड साइन्टिफीक एण्ड सर्जीकल हाउस | २०७६।१२।१४ | ८०,७४८।- | |
| | | २०७६।१२।१४ | १,५९,८२२।- | |
| | | २०७६।१२।१९ | ५६,४५४।- | |
| | | २०७६।१२।२५ | ६१,८३४।- | |
| जम्मा रकम रु. | | | ३,५८,८५८।- | |

**निर्णय नं. ६** : मातृ तथा नवशिशु परिवार नियोजन सेवालाई गुणस्तरियरुपमा प्रवाह गर्न संक्रमण रोकथामका लागि अत्यावश्यक सामग्री खरिद गर्न तथा संक्रमण रोकथाम सम्बन्धि विविध कृयाकलाप गर्न अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोगको स्वास्थ्यका लागि सक्षम प्रणाली परियोजनाले रु.१,००,०००।-(एक लाख) रकम यस नगरिपालिकालाई उपलब्ध गराउने भएकोमा उक्त रकमबाट स्वास्थ्य तथा प्रर्बधन शाखाबाट पेश हुन आएको प्रस्तावना अनुसार खर्च गर्ने गरि कार्यक्रम स्वीकृत गर्ने ।

लमही नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमही दाङ
५ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner